श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ७ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी खण्ड ४० मिति २०४७।६।४ अतिरिक्ताङ्क ३३ (क) नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित जाँचबुझ आयोगको म्याद समाप्त भएको मितिले अरू १५ दिन थप गरेको छ ।

आज्ञाले,
भक्तबहादुर कोइराला
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले वन पैदावार बिक्री वितरण नियमावली, २०२७ को नियम २० क. ले दिएको अधिकार प्रयोग गरी उक्त नियमावलीको अनुसूची ५ को सट्टा यसै साथ संलग्न अनुसूची ५ राखी हेरफेर गरेको छ ।

अनुसूची–५

(नियम ५(८), ११(१) र १३(१) संग सम्बन्धित)

(क) गोलिया काठको मूल्य दरः–

| क्रम संख्या | काठको जात | प्रति क्यूविकफुटको मूल्य रूपैयाँमा |
|---|---|---|
| १. | खयर– | १२०।– |
| २. | सतिसाल, सागवान, दार र ओखर | ९५।– |
| ३. | चाँप र सिसौं– | ८५।– |
| ४. | साल– | ५५।– |
| ५. | अस्ना, जामुन, कर्मा, किम्बु, हर्रो र बर्रो– | २५।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ६. | टुनी, बिजयसाल, टिकुल, सिरिस, बाँझी, बोट धोएरो, सन्दन, फल्दु, सौर, पाजन, चिलाउने, गमारी– | १८।– |
| ७. | सिमल, भुडकुल, गुटेल, पपलर, मसला, आँप, खोटे सल्लो– | १४।– |
| ८. | खोटे सल्ला बाहेक अन्य जातका सल्ला– | १३।– |
| ९. | देवदार, फर स्प्रुस र कटुस– | ११।– |
| १०. | लामपाते उतीस र अन्य जात– | १०।– |

द्रष्टव्यः– दुई फिटदेखि तीन फिटसम्म गोलाईका खयर बाहेक अन्य सबै जातका काठ वल्लावल्लीको हकमा उपरोक्त मूल्यको पचास प्रतिशत मात्र मूल्य लिइनेछ ।

(ख) खयरको ठूटाको प्रति ठूटाको रू.– १८०।–

(ग) साल जातको ठूटाको " २०।–

(घ) अन्य जातका ठूटाको " १५।–

(ङ) दाउराको मूल्य दरः

२० फिट लम्बाइ, ५ फिट चौडाइ, ५ फिट उचाइ क्यूविकफुट ५०० को चट्टा एकके मूल्य रूपैयाँमाः–

(१) उद्योग र व्यवसाय कामको लागि– १,०००।–

(२) घर काजको लागि– २१४।–

आज्ञाले,

डा. पुरुषोत्तमनारायण सुवाल

श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग

२६६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि 'मात्र लागु हुनेछ।